यालुवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१८)**

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

यस याङवरक गाउँपालिका अन्तर्गत वडा नं. ४, ५ र ६ मा पर्ने **मध्यपहाडी राजमार्गले छुने मुख्य बजार क्षेत्रहरू कालोपानी, सुनुवार गोलाई, गणेश चौक, थर्पु बजार तथा दारिम्बामा** दैनिक रूपमा उत्पन्न हुने फोहोर संकलन गरी **वडा नं. ६, धँयेरे सल्ले भन्ने स्थानमा व्यवस्थापन गर्नको लागि** इच्छुक, योग्य र अनुभव भएको व्यक्ति वा संस्थाहरूबाट **सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान** गरिएको छ।

संकलन तथा ढुवानी कार्यको लागि प्रति ट्र्याक्टर कति दररेटमा सेवा दिन सकिन्छ भन्ने विवरण स्पष्ट रूपमा उल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ।

**१. कार्यको विवरणः**

- **कार्यको नामः** बजार क्षेत्रहरूबाट फोहोर संकलन, ढुवानी तथा व्यवस्थापन
- **कार्य क्षेत्रः** कालोपानी, सुनुवार गोलाई, गणेश चौक, थर्पु बजार, दारिम्बा
- **फोहोर व्यवस्थापन केन्द्रः** वडा नं. ६, धँयेरे सल्ले

**२. प्रस्ताव पेश गर्न सक्ने योग्यताः**

<u>संस्थाको हकमा</u>

- संस्था/फर्म दर्ता प्रमाणपत्र,
- कर चुक्ता प्रमाणपत्र,
- प्यान/भ्याट प्रमाणपत्र,
- साधन र जनशक्तिको विवरण,
- विगतको कार्य अनुभवका प्रमाणहरू।

<u>व्यक्तिको हकमा</u>

- नागरिकताको प्रमाणपत्र,
- स्थायी लेखा नं.,
- साधन र जनशक्तिको विवरण,
- विगतको कार्य अनुभवका प्रमाणहरू।

**३. दररेट सम्बन्धी विवरणः**

- प्रति ट्र्याक्टर फोहोर संकलन तथा ढुवानी कार्यको दर स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने
  जस्तैः दारिम्बा- धँयेरे सल्ले प्रति ट्रिप रु......
  कालोपानी- धँयेरे सल्ले प्रति ट्रिप रु.....
  सुनवार गोलाई, गणेश चोक - धँयेरे सल्ले प्रति ट्रिप रु......
- कार्य गर्ने रुटिन दोहोरो सम्झौताको आधारमा हुनेछ।

**४. प्रस्ताव पेश गर्ने तरिकाः**

- प्रस्ताव पत्र बन्द खाम पेश गर्नुपर्नेछ
- खाममा **"फोहोर संकलन तथा व्यवस्थापनको लागि दरभाउपत्र"** स्पष्ट रूपमा लेखिएको हुनुपर्ने
- **दरभाउपत्र पेश गर्ने अन्तिम म्यादः** २०८२ साल असार ३२ गते, कार्यालय समयभित्र
- **दरभाउपत्र खोल्ने मितिः** २०८२ साल श्रावण ०१ गते गते, दिउँसो १२:०० बजे, गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथर

**५. सिलबन्दी दरभाउ फाराम दस्तुरः** रु.१,०००।– (अक्षेरुपी एक हजार मात्र)

- दरभाउपत्र दस्तुर नगद वा गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

**६. थप जानकारीः**

- प्रस्ताव मूल्यांकन गर्दा दररेट, अनुभव र कार्यक्षमता प्राथमिकताका आधार हुने,
- अधुरो, अस्पष्ट वा झूटा कागजात भएमा दरभाउपत्र अस्वीकृत गरिनेछ।

**७. सम्पर्क विवरणः ९८४८६७०२५४**

२०८२/०३/१२
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner